# केराबारी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.०८०/८१
च.नं. ३४४

केराबारी गाउँपालिका कार्यालय
कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

मिति : २०८०/०५/१०

विषय : वडा शिक्षा समिति गठन सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
केराबारी गाउँपालिका, मोरङ ।

केराबारी गाउँपालिकाको शिक्षा ऐन २०७५ को परिच्छेद-४ (क), दफा २६ (क) मा वडा शिक्षा समितिको व्यवस्था गरिएको र केराबारी गाउँपालिका, गाउँ शिक्षा समितिको मिति २०८०/०५/०३ को बैठकमा प्रत्येक वडामा ऐन बमोजिमको वडा शिक्षा समिति गठन गर्न र सो को जानकारी गाउँपालिकाको कार्यालयमा पेश गर्न सम्पूर्ण वडा कार्यालयहरुलाई पत्राचार गर्ने निर्णय भएकोले यथाशीघ्र वडा शिक्षा समिति गठन गरी समितिको नामनामेशी विवरण यस कार्यालयमा दिनुहुन अनुरोध छ ।

पुनश्च : वडा शिक्षा समिति देहाय बमोजिम गठन गर्नुपर्ने व्यवस्था गाउँपालिकाको शिक्षा ऐनमा गरिएको छ :-

१. सम्बन्धित वडाको वडाध्यक्ष - अध्यक्ष
२. वडा समितिका सदस्यहरु - सदस्य
३. वडाभित्रको विद्यालयको वरिष्ठतम् प्रधानाध्यापक - सदस्य
४. सम्बन्धित वडाको वडा सचिव - सदस्य सचिव

अर्जुन घिमिरे
अधिकृत सातौं

वोधार्थ : श्री सूचना प्रविधि शाखा, पत्र वेभसाइटमा अपलोड गरिदिनुहुन ।



CS CamScanner